नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

विषय: नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ को स्वीकृती गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति: २०७५।१२।१७

१.विषयको संक्षिप्त व्यहोरा:

नेपालको वैदेशिक व्यापारलाई सहज, सरल र भरपर्दो बनाउन नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ अनुसार नेपाल इन्टरमोडल यातायात विकास समिति गठन भएको हो । नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यलाई समसामयिक बनाउन उक्त समितिको गठन आदेश परिमार्जन वा संशोधन गर्न नेपाल सरकार (मा. मन्त्रीस्तरबाट) मिति २०७५।१२।१७ मा निर्णय भएकोले सोको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि यसैसाथ संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा:

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ को मस्यौदा, र सोको तीन महले मस्यौदा तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा सहमती यसैसाथ संलग्न छ।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ मा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" भन्ने शब्द राख्नु पर्ने, "अधिराज्य" भन्ने शब्दलाई हटाउनु पर्ने, सञ्चालक समितिको सचिवलाई सदस्य सचिव तोक्ने र अन्य सार्वजनिक निकाय जस्तै उक्त समितिको कार्यकारी निर्देशकलाई सञ्चालक समितिबाट नियुक्त गर्ने व्यवस्थाको सट्टा नेपाल सरकारबाट नियुक्ति गर्ने जस्ता विषयमा संशोधन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मिति २०७५।१२।१७ मा विभागीय मन्त्रीबाट स्वीकृत प्राप्त भएकाले नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६४ को अनुसूची १ को विषय संख्या १३ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनु पर्ने व्यहोरा:

यसैसाथ संलग्न नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने।

(केदार बहादुर अधिकारी)

सचिव

मिति:२०७५।१२।१९

श्री सचिव,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

नेपाल [illegible] [illegible] विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५ को स्वीकृति गर्ने विषयको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको दर्ता नं. ३/८६-०७५/१२/२५ को प्रस्ताव [illegible] मिति २०७६/१/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)

मुख्यसचिव

२०७६/१/२

## नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को दफा ३ मा संशोधनः नेपाल इन्टरमोडल यातायात विकास समिति गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

| | |
|---|---|
| (क) सचिव (वाणिज्य हेर्ने), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -अध्यक्ष |
| (ख) प्रतिनिधि (सहसचिवस्तर), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| (ग) महानिर्देशक, भन्सार विभाग | -सदस्य |
| (घ) सभापति, नेपाल उद्योग, वाणिज्य महासंघ | -सदस्य |
| (ङ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श | -सदस्य |
| (च) अध्यक्ष, फ्रेइट फरवार्डस एसोसिएशन अफ नेपाल | -सदस्य |
| (छ) कार्यकारी निर्देशक | -सदस्य सचिव |

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार समितिले तोके वमोजिम हुनेछ।"

३. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को उपदफा (२) र (६) मा रहेका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य-सचिव" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उपदफा (१) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल आदेशको ठाउँ-ठाउँमा रहेको "श्री ५ को सरकार" भन्ने शब्दको सट्टामा "नेपाल सरकार" भन्ने शब्द राखिएको छ।

६. मूल आदेशको ठाउँ-ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्दलाई हटाइएको छ।

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०७५।०७६ .................................. शाखा

: ३६५

सिंहदरबार, काठमाण्डौं

मिति : २०७५।१२।०८

विषयः तर्जुमा सहमति सम्बन्धमा ।

उ... ...ज्य तथा आपूर्ति मन्त्रालय
दर्ता नम्बर:- ५६००
मिति:- १२/०८
दस्तखत:-

श्री उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय,
(प्रशासन तथा संस्थान महाशाखा)
सिंहदरबार, काठमाडौं ।

उर्पयुक्त विषयमा त्यस मन्त्रालयको पत्र संख्या २०७५ । ७६ (संस्थान), च.नं. १९९६, मिति २०७५।११।२९ को पत्रसाथ नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को मस्यौदा सहितको फाइल तर्जुमा सहमतिको लागि प्राप्त भयो ।

तत्सम्बन्धमा तर्जुमाको दृष्टिले मिलाइएको यसैसाथ संलग्न नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश ,२०७५ को मस्यौदा उपर आवश्यक कारबाही अघि बढाउन यस मन्त्रालयको सहमति रहेको व्यहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५/१२/०८ को निर्णय अनुसार अनुरोध गर्दै प्राप्त सक्कल फाइल यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

(आस्था लम्साल)
शाखा अधिकृत

१२/१०

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८०२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

नेपाल इन्टरमोडल यातायत विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५

नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस आदेशको नाम "नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को दफा ३मा संशोधनः नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :-

(क) सचिव (वाणिज्य हेर्ने), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि (सहसचिवस्तर), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(ग) महानिर्देशक, भन्सार विभाग - सदस्य

(घ) सभापति, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ङ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श - सदस्य

(च) अध्यक्ष,फ्रेइट फरवार्डस एशोसिएशन अफ नेपाल - सदस्य

(छ) कार्यकारी निर्देशक - सदस्य सचिव"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) सदस्य- सचिवको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।"

३. मूल आदेशको दफा ५ मा संशोधनःमूल आदेशको दफा ५ को उपदफा (२) र (६) मा रहेका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य- सचिव" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल आदेशको दफा ६ मा संशोधनःमूल आदेशको दफा ६ को उपदफा (१) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरु राखिएका छन् ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं